# दैनिक गतिविधि

फ्याक्स: ०६१-५२०३३० टोल फ्री न. १०९२

३१ बैशाख, २०७७

फोन नं. ०६१-५२०३९० PHEOC: ०६१-५२४०७४



स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माले भौतिक पूर्वाधार विकास मन्त्री माननीय रामशरण बस्नेतज्यूसंग भेट गरि लेखनाथ लायन्स सामुदायिक अस्पताललाई प्रदेश मातहत ल्याउनको निम्ति तयार गरिएको प्रतिवेदन हस्तान्तरण गर्नुका साथै आवश्यक सुझाव तथा निर्देशनको लागि अनुरोध गर्नुभयो ।



मिति २०७७/०१/३० गते पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान पश्चिमाञ्चल क्षेत्रीय अस्पतालको प्रयोगशालामा कोभिड-१९ परिक्षण तथा अस्पतालको नियमित सेवा अन्तरगत साधारण ल्याब संचालन तथा व्यवस्थापन सम्बन्धमा पश्चिमाञ्चल क्षेत्रीय अस्पतालका निर्देशक डा.अर्जुन आचार्यको संयोजकत्व तथा स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्मा, डा. डुक बहादुर क्षेत्री, डा. मोनी सुवेदी लगायत अन्य सरोकारवालाहरुको सहभागीतामा छलफल तथा बैठक सम्पन्न भएको छ ।

आज स्वास्थ्य निर्देशनालयमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, गण्डकी मेडिकल कलेज र मणिपाल शिक्षण अस्पतालका निर्देशक/मे.सु, एनेस्थियोलोजिस्ट तथा सघन उपचार कक्षमा कार्यरत चिकित्सकको टोलीसंग स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्मा, सामाजिक विकास मन्त्रालयका निती, कानून, मापदण्ड, योजना तथा जनस्वास्थ्य महाशाखाका प्रमुख शम्भु ज्ञवाली, विश्व स्वास्थ्य संगठनका डा. राजीव लालचन लगायत सम्मिलित छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

बैठकमा गण्डकी प्रदेशका विभिन्न जिल्लाहरुमा सघन उपचार कक्ष स्थापना गर्न प्रदेश सरकारले रकम विनियोजन गरिसकेको सन्दर्भमा उक्त जिल्लाहरुमा कोभिड - १९ संक्रमित गम्भीर बिरामीको हेरचाह, उपचार, उद्दार गर्नको निम्ति चिकित्सक र नर्सलाई तालिम प्रदान गर्ने विषयमा छलफल भएको थियो भने आवश्यक कार्यविभाजन समेत भएको छ ।



## कोभिड-१९ संक्रमण नियन्त्रण र उपचार व्यवस्थापनका लागि बागलुङ जिल्लामा भएका कार्यक्रमहरु :



काठेखोला स्थित अमर मा.वि मा रहेको क्वारेन्टाइनबाट PCR परिक्षणका लागि नमूना संकलन गरिदै ।



बाग्लुङ जिल्ला स्थित जोइन्ट अपरेसनको बैठक बस्दै ।




बागलुङ नगरपालिकामा संचालित हेल्थ डेस्क




धौलागिरी अञ्चल अस्पतालमा संचालित हेल्थ डेस्क



गण्डकी प्रदेशमा भएका क्वारेन्टाइन, आइसोलेसन, संकलित नमूना र नतीजा (PCR / RDT समेत) सम्बन्धि बैशाख ३१ गते (४ बजे सम्म) जिल्लास्थित स्वास्थ्य कार्यालयहरुले पठाएको तथ्यांकको आधारमा प्राप्त विवरण ।

| जिल्ला | क्वारेन्टाइन | | | आइसोलेसन | | विदेशबाट आएकाको संख्या | RDT किटबाट गरिएको परिक्षण | संकलित नमुना (PCR) | नेगेटिभ | पोजिटिभ | नतिजा आउन बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | बेड | बसेका | बेड | बसेका | | | | | | |
| कास्की | 10 | 305 | 11 | 70 | 0 | 774 | 1244 | 283 | 254 | 0 | 29 |
| स्यांग्जा | 36 | 635 | 171 | 10 | 0 | 601 | 885 | 105 | 105 | 0 | 0 |
| तनहुँ | 28 | 201 | 12 | 42 | 0 | 848 | 629 | 28 | 28 | 0 | 0 |
| लमजुङ | 75 | 990 | 88 | 18 | 0 | 288 | 276 | 53 | 53 | 0 | 0 |
| गोरखा | 52 | 415 | 25 | 27 | 0 | 436 | 675 | 29 | 29 | 0 | 0 |
| पर्वत | 96 | 251 | 21 | 20 | 0 | 364 | 373 | 92 | 92 | 0 | 0 |
| म्याग्दी | 30 | 357 | 140 | 6 | 0 | 214 | 372 | 16 | 16 | 0 | 0 |
| बाग्लुङ | 38 | 332 | 15 | 16 | 0 | 912 | 1246 | 76 | 74 | 2 | 0 |
| नवलपुर | 61 | 872 | 21 | 16 | 0 | 918 | 938 | 71 | 71 | 0 | 0 |
| मनाङ | 9 | 93 | 25 | 7 | 0 | 3 | 41 | 3 | 3 | 0 | 0 |
| मुस्ताङ | 12 | 97 | 0 | 3 | 0 | 25 | 37 | 1 | 1 | 0 | 0 |
| जम्मा | 447 | 4548 | 529 | 235 | 0 | 5383 | 6716 | 757 | 726 | 2 | 29 |

नवराज शर्मा
स्वास्थ्य शिक्षा प्रशिक्षक
स्वास्थ्य निर्देशनालय, पोखरा

घरमै बसौं, सुरक्षित रहौं

हेलो डाक्टर
१०९२